शिक्षा, स्वास्थय, कृषि, पर्यटन र खानेपानी
सुशासित, सुन्दर, समृद्ध खडक बनाउछौं हामी

# खडक नगरपालिका
# बालश्रम मुक्त घोषणा कार्यसंचालन
# कार्यविधि- २०८१

खडक नगरपालिका
मधेश प्रदेश

**प्रस्तावना** : भनिन्छ बालवालिका देशका कर्णधार हुन । बालवालिका भनेको परिवार, समाज एवं देशका धरोहर हुन् । देश विकासको अति आवश्यक तत्व हुन यद्यपि देशका कर्णधार बालश्रमकोरुपमा जीवनयापन गर्न बाध्य भएका छन् । नेपालको संविधानको धारा ३९ (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै प्रकारका अन्य जोखिमपुर्ण काममा लगाउन नपाउने व्यवस्था गरेको छ । यसैगरी संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वागिंण विकासका सथै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरेको छ । प्रत्येक बाल बालिकालाई बाल अनुकुल न्याय तथा जोखिममा रहेका बालबालिकालाई राज्य बाट बिशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको सबैधानिक हकको व्यवस्था समेत गरेको छ । बालश्रम (निषेध तथा नियमित गर्ने ) ऐन, २०५६ मा १८ बर्ष पुरा नगरेका बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन नपाउने व्यवस्था गरेको छ । श्रम ऐन, २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानुन विपरित हुने गरी काममा लगाउन नपाउने व्यवस्था गरेको छ । यसै गरी बालश्रम निवारण सम्बन्धि राष्ट्रिय गुरुयोजना ( २०७५-२०८५) ले बि.सं. २०७९ सम्ममा निकृष्ट तथा शोषणयूक्त बालश्रम तथा बि.सं. २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उदेश्य राखेको छ । नगरपालिकालाई सभ्य, शिक्षित, विकासिल बनाउन, नेपालले बालअधिकार सम्बन्धी राष्ट्रि तथा अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताको कार्यान्वयनका लागि यस खडक नगरपालिकामा बालश्रम अन्त्यका लागि बालश्रम मुक्त गर्न बान्छनीय भएकोले खडक नगरपालिका बालश्रम मुक्त घोषणा सम्बन्धी कार्यविधि २०८१ पारित गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र परिभाषा : (१) यस कार्य सन्चालन कार्यविधिको नाम **"खडक नगरपालिकाको बालश्रम विरुद्ध कार्यसंचालन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि खडक नगरपालिकाको कार्यपालिकाबाट अनुमोदन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "नगरपालिका" भन्नाले खडक नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले खडक नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले खडक नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खडक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "बालश्रम" भन्नाले कानुनले तोकेको उमेर नपुगेका कुनै पनि बालबालिकालाई शारीरिक वा मानसिक रुपमा क्षति पुग्ने गरी बाध्यात्मक श्रममा लगाउनु तथा यौन शोषणलाई बालश्रम सम्झनु पर्दछ ।

(च) "बालबालिका" भन्नाले १८ बर्ष उमेर नपुगेका केटा, केटी वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक लाई जनाउने छ ।

(छ) "बालमैत्री सम्पर्क व्यक्ति" भन्नाले खडक नगरपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न जिम्मेवारी तोकिएको कर्मचारीलाई जनाउनेछ ।

(ज) "संरक्षक" भन्नाले आमाबुवा, एकघरमा बसोवास गर्ने बाजे बज्ये (माईति घरका समेत) काकाकाकी, दाजु भाउजु (माईति घरका मामा मामी) लगायत संरक्षक गर्ने व्यक्तिलाई जनाउदछ ।

## परिच्छेद २

## उदेश्य र लक्षित समुह

**३. उदेश्य** : खडक नगरपालिकालाई बालश्रम मुक्त घोषणा गर्न यस कार्यविधिले मार्ग प्रशस्त गर्नमा सहयोग पुर्‍याउनेछ ।

**४. लक्षित समुह** : बालश्रम (निषेध तथा नियमन गर्ने) ऐन, २०५६ तथा बालश्रम निवारण सम्बन्धि राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) अनुसार देहाय बमोजिमको क्षेत्रमा संलग्न बालबालिकालाई यस कार्यविधिले लक्षित गरेको छ ।

(क) घरेलु बालश्रम

(ख) बालभरिया

(ग) कृषी तथा पशुपालन बालश्रम

(घ) लागु पदार्थ संकलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,

(ङ) सिलाई बुनाई बालश्रम,

(च) ईट्टा उधोगको बालश्रम,

(छ) खानी क्षेत्रका बालश्रम,

(ज) मनोरञ्जन क्षेत्रका बालश्रम (यौन शोषण समेत)

(झ) यातायात क्षेत्रका बालश्रम,

(ञ) जारी तथा बुट्टा भराइमा संलग्न बालश्रम,

(ट) छिमेकी देशमा पुर्याइएका बालश्रम,

(ठ) यान्त्रिक वा रसायन क्षेत्रमा काम गर्ने बालश्रम,

(ड) सडक व्यपारमा संलग्न बालश्रम,

(ढ) जडिबुटि संकलनमा संलग्न बालश्रम,

(ण) भौतिक पुर्वाधार क्षेत्रको बालश्रम,

(त) होटेल रेष्टुराका बालश्रम,

(थ) नगरपालिका तथा स्थानीय बालअधिकार समितिले तोकेको अन्य,

## परिच्छेद ३

## बालश्रम मुक्त घोषणाका सुचकहरु

**५. सुचकहरु** : बालश्रम मुक्त खडक नगरपालिका घोषणाका लागि देहाय बमोजिमका सुचकहरु न्यूनतम मापदण्डको रुपमा रहनेछ ।

(१) अध्यावधिक तथ्याँक र अभिलेखिकरण :

(क) खडक नगरपालिकामा जन्मिएका बालबालिकाको जन्मदर्ता विवरण ।

(ख) अनुसुचि १ बमोजिम सर्वेक्षण गरेको हुनु पर्ने ।

(ग) नगरपालिकामा रहेका बालश्रमसंग सम्बन्धित विभिन्न सरोकारवालाहरु ( स्थानिय प्रहरी प्रशासन, बिद्यालय, बालविज्ञ, बालश्रम बिरुद्ध काम गर्ने गैर सरकारी संस्था, बाल समुह/क्लव/संजाल को सुचिकरण एंव नक्साँकन गरेको ।

(घ) बालश्रम हुन सक्ने सम्भावित क्षेत्रहरु वाट बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र,

(२) खडक नगरपालिकामा बालश्रम निवारणकालागि छुट्टै नीति वा अन्य कुनै नीतिमा बालश्रम निवारणको बिषय समावेश भएको हुनु पर्नेछ ।

(३) खडक नगरपालिकाले बालश्रम निवारण सम्बन्धि देहाय वमोजिमको कार्यकम अनिवार्य सञ्चालन गरेको हुनु पर्नेछ ।

(क) बालश्रम निवारण सम्बन्धी चेतनामुलक र मनोपरामर्श सम्बन्धि कार्यकमहरु,

(ख) बालश्रमिक सम्बद्ध परिवारका लागि बैकल्पीक आय आर्जनका कार्यकम,

(ग) पढाई नियमित नभएका (१४ देखि १८ बर्ष सम्मका) बालबालिकाकालागि सिपमुलक कार्यकम,

(घ) बालश्रम बिरुद्ध सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम,

(ङ) सामाजिक सुरक्षा सम्बन्धि कार्यकम,

(च) बालश्रम सम्बन्धमा निरन्तर अनुगमन तथा बालश्रम रहेका वा बालश्रम गर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा सम्बन्धि कार्यक्रम,

(छ) बालश्रमिकको शैक्षिक विकास कार्यक्रम,

(ज) बालश्रम हुन सक्ने स्थानहरु बाट बालश्रम नगराउने प्रतिवद्धता गराउने ।

(४) बालश्रम निवारण सम्बन्धि उपनियम (३) बमोजिमको कार्यक्रम संचालन गर्न नगरपालिका तथा वडाले आवश्यक बजेटको व्यवस्था गर्ने छ ।

(५) संस्थागत व्यवस्था :

(क) बालबालिकाको क्षेत्र हेर्ने स्थानीय बालअधिकार समिति, नगर बाल सञ्जाल र कर्मचारीको रुपमा बाल कल्याण अधिकारी एंव बालमैत्री सम्पर्क व्यक्ति तथा बाल हेल्पडेक्सको स्थापना गरि १ जना कर्मचारीको व्यवस्था भएको ।

(ख) वडा स्तरिय बाल अधिकार समिति, बाल समुह/सञ्जाल गठन भई क्रियाशिल भएको र १ जना सम्पर्क व्यक्तिको व्यवस्था भएको,

(ग) बालमैत्री स्थानिय शासन समिति (नगर तथा वडामा) गठन भएको ।

(घ) बालकोषको स्थापना र संचालन भएको,

(ङ) बालश्रम अनुगमन तथा कार्वाहीकोलागि संयन्त्र भएको,

(च) उद्धार गरिएका बालबालिकहरु गर्ने व्यवस्था भएको ।

(६) शिक्षाको अवस्था :

(क) बिद्यालय जाने उमेरका बालबालिकाको बिद्यालय भर्नादर कम्तीमा ९५ प्रतिशत भएको ।

(ख) बिद्यालय छाडने दर घटदो हुनु पर्ने ।

(ग) बिद्यालयमा बालबालिकाको नियमित शिक्षाकालागि बिद्यालय तथा समुदाय स्तरमा अभिभावक शिक्षा (Parenting Education) कार्यक्रम संचालन भएको ।

(७) सहयोग, समन्वय तथा सहकार्यको व्यवस्था :

(क) खडक नगरपालिकाको सरोकारवाला निकाय, बिद्यालय, रोजगारदाता, ठेकेदार, श्रमिक संगठन, नागरिक समाज, गैर सरकारी संघसंस्था तथा सामुदायमा आधारीत संघसंस्थाहरु आदि संग समन्वय गरी बालश्रम निवारणकालागि समन्वय तथा सहकार्य भएको ।

(ख) खडक नगरपालिकाले बालश्रम निवारणकालागि प्रदेश र संघको सम्बन्धित मन्त्रालयहरुमा सुचना आदान प्रदान, कार्यक्रम संचालन, आवश्यक श्रोत सम्बन्धमा सहकार्य गरेको ।

(ग) स्थानिय बालअधिकार समितिको बालश्रम निवारण सम्बन्धी ठोस योजना तथा कार्यान्वयन गर्न सहकार्य भएको ।

## परिच्छेद ४

## बालश्रमको सर्वेक्षण

(१) अनुसुचि १ वमोजिमको फारम नगरपालिका आफैले वा साझेदारी निकायको सहायतामा गर्न सकिने छ ।

(२) नगरपालिकाले सर्वेक्षण तथा अन्य आवश्यक बिषयमा प्रदेश एवं संघिय सरकारसंग समन्वय गर्ने ।

(८) **प्रस्ताव** : बालश्रम मुक्त नगरपालिका घोषणा कार्यक्रम संचालनको लागि सर्वेक्षण अनुसारको विवरण अनुसुचि २ वमोजिम सम्बन्धित मन्त्रालयमा प्रस्ताव गरेको र मन्त्रालय वाट मुल्याँकन भई सो प्रस्ताव स्वीकृत भएको हुनु पर्नेछ । छ

(९) **प्रस्ताव मुल्याँकनको आधार** : मन्त्रालयले बालश्रम मुक्त स्थानिय तह घोषणा कार्यविधि, २०७७ को दफा ८ बमोजिम प्रस्ताव मुल्याँकन अनुसुचि २ मा उल्लेखित क्रियाकलापको समेटेर देहायको आधार अनुसार प्रस्ताव गर्ने ।

(क) नगरपालिका बाट बालश्रम न्यूनिकणमा छुट्याइएको बजेट ।

(ख) बालश्रम न्यूनिकरणमा नगरपालिकाले गरेको कामको विवरण ।

(ग) बालश्रम न्यूनिकरणका लागि कोषको अवस्था ।

## परिच्छेद ५

## श्रोतको व्यवस्थापन

(१०) बालश्रम मुक्त कार्यक्रम संचालन एवं श्रमिक बालबालिकालाई निरन्तर शिक्षा तथा संरक्षणका लागि बार्षिक रुपमा आबश्यक रकम विनियोजन गरिनेछ र सोही रकम र प्राप्त अन्य रकम एवं गैर सरकारी संघ संस्था समेतको सहकार्यमा कानुनको परिधी भित्र रही आवश्यक योजना अनुरुप बालश्रम न्यूनिकरणका लागि सचेतना मुलक लगायतका कार्यक्रममा खर्च गर्न सकिने छ ।

## परिछेद ६

## अनुगमन तथा मुल्याँकन

(१३) नगरपालिकामा तपसिल वमोजिमको ११ सदसीय बालश्रम न्यूनिकरण सम्बन्धि समन्वय तथा अनुगमन समिति गठन गरिने छ ।

| | | |
|---|---|---|
| (१) नगर उप प्रमुख | : | सयोजक |
| (२) सामाजिक विकास समिति संयोजक | : | सदस्य |
| (३) आर्थिक विकास समिति संयोजक | : | सदस्य |
| (४) प्रशासकिय अधिकृत | : | सदस्य |
| (५) प्रहरी प्रतिनिधि | : | सदस्य |
| (६) बालश्रमको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि | : | सदस्य |
| (७) नगर बाल संजालको बालिका सहित २ प्रतिनिधि | : | सदस्य |
| (८) किशोर किशोरी समुहको १ जना बालिका सहित २ जना | : | सदस्य |
| (९) बाल कल्याण अधिकारी वा बालमैत्री सम्पर्क व्यक्ति | : | सदस्य सचिव |

समितिको बैठक तथा अनुगमन खर्च नगरपालिकाले तोक अनुसार हुनेछ ।

(१४) समितिको काम, कर्तव्य र अधिकार :

(क) बालश्रम नयूनिकरण सम्बन्धि योजना निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) तथ्याँक संकलन तथा व्यवस्थापन गर्ने ।

(ग) बालश्रमको अनुगमन गर्ने ।

(घ) सरोकार वालाहरुको संमन्वयमा बालश्रम न्यूनिकरण सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने र गर्न लगाउने ।

(ङ) श्रमिक बालबालिकालाई संरक्षणकालागि अभिभावकलाई रोजगार संग जोडने व्यवस्था मिलाउने ।

(च) श्रमिक बालबालिकालाई शिक्षा संग जोडने ।

(छ) कार्यक्रमलाई प्रदेश तथा संघिय सरकार एव सरोकार वाल संघ संस्थाहरु संग समन्वय गर्ने ।

(ज) बालश्रम मुक्त वडा नगर घोषणा गर्न आवश्यक कार्यहरु गर्ने ।

(झ) बालश्रम मुक्त नगरपालिकाको निरन्तर टिकाई राख्न नगर कार्यपालिका संग समन्वय सहकार्य एंव आवश्यक बजेटकालागि आवशयक पहल गर्ने ।

(ञ) वडा स्तरिय बालबालिका संग सम्बन्धित संरचनालाई क्रियाशिल बनाई राख्न निर्देशन दिने ।

## परिच्छेद ७

## घोषणा प्रकृया

(१५) स्थानिय तहको वडा समितिले परिच्छेद ३ बमोजिमको सुचकहरु पुरा गरी वडा स्तरिय बाल अधिकार समिति एवं वडा बाल सञ्जालले बालश्रम मुक्त वडा घोषणाको निर्णय सहित सिफारिस गर्नु पर्ने छ ।

(१६) निर्णय र सिफारिस सहितको निवेदन वडा वाट प्राप्त भए पश्चात स्थानिय बालश्रम न्यूनिकरण समन्वय तथा अनुगमन समितिले अनुगमन गर्ने छ ।

(१७) अनुगमन समितिले अनुगमन गरी नगर प्रमुख समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(१८) स्थानिय अनुगमन समितिको प्रतिवेदनको आधारमा कार्यपालिका बैठक बाट बालश्रम मुक्त वडा वा नगर घोषणा गर्न स्वकिृती दिनेछ ।
(१९) सोहि प्रकृया बाट नगरको सबै वडा वा नगर बालश्रममुक्त घोषणा भई सके पछि परिच्छेद ३ मा उल्लेखित सुचकको आधारमा कार्यपालिकाको प्रस्तावमा नगरसभाले बालश्रममुक्त स्थानिय तह घोषणा गर्नेछ ।
(२०) बालश्रममुक्त नगरपालिकालाई निरन्तर टिकाई राख्न र निरन्तर कार्यान्वयनकालागि घोषणा पश्चातको रणनीतिक योजना र बालकोषमा रकम थप गर्दै निरन्तर कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद ८
## विविध

(२१) कार्यविधि संसोधन सम्बन्धी व्यवस्था : कार्यविधि परिमार्जका लागि आवश्यक परेमा नगर कार्यपालिका एवं नगर सभाले संसोधन गरी थपघट र्गन सकिनेछ ।

## अनुसुचि १

**बालश्रम मुक्त नगर घोषणा र निरन्तरताको लागि खडक नगरपालिकाले तयार गरेको तपसिलका नीति, रणनीति तथा कार्ययोजनाहरुलाई यस बालश्रम मुक्त नगर घोषणाको नीति तथा योजनाको रुपमा प्रयोगमा ल्याउने :**

१. खडक नगरपालिकाको बालश्रम विरुद्ध कार्यसंचालन कार्यविधि, २०८१
नीति नं. १२ बालश्रम मुक्त नगर घोषणा गर्ने नीति अवलम्बन गर्ने ।

**१२.१ रणनीति :**

१. १० देखि १८ वर्षको बालबालिका संख्याको अद्यावधिक तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने ।
२. १४ वर्षभन्दा कम उमेरमा बालश्रममा रहेका बालबालिकाको संख्याको अद्यावधिक तथ्याङ्क राख्ने ।
३. बालश्रमिक पुनर्स्थापनाको योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
४. बालश्रम, बाल कार्य र जोखिमपूर्ण तथा निकृष्ठ श्रमको बारेमा अभिभावक तथा व्यवसायीहरू (संचालकहरू) लाई सचेत गराउने।

**१२.२ कार्यनीति :**

१. निकृष्ट बालश्रमिकको गणना गर्ने ।
२. निकृष्ट बालश्रममा रहेका बालबालिकाको अभिभावकसँग अन्तरक्रिया गर्ने ।
३. बालश्रम सम्बन्धी बाल समूह/सञ्जाल, आमा समूह, महिला समूह, युवा समुहसँग अन्तरक्रिया गर्ने ।
४. बालश्रम निषेधित क्षेत्र हो भनी सार्वजनिक स्थानहरूमा सूचना बोर्ड टाँस गर्ने ।
५. होटल, कारखानामा बालश्रममा लगाएको छैन भनी प्रतिवद्धता सहित सूचना पाटी राख्ने ।
६. असहाय अनाथ बालश्रमिक पुनर्स्थापना कार्ययोजना तयार गरी लागू गर्ने ।
७. बालश्रम हुने सम्भावित स्थानहरूको नियमित अनुगमन गर्ने ।
८. बालश्रम, बाल कार्य र जोखिमपूर्ण कार्यको बारेमा अभिभावक सचेतीकरण कार्यक्रम गर्ने ।
९.बालश्रम न्यूनीकरणकोलागि व्यवसायीहरू (संचालकहरू)का लागि सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने ।

**२. बालमैत्री नगर घोषणा पश्चायत निरन्तरताको लागि बाल संरक्षण योजना २०७७ को अंश**

| क.स. | समस्या/सवाल | सम्बोधन तथा सुधारका लागि गरिने क्रियाकलापहरु |
|---|---|---|
| १ | निकृष्ट | सचेतनामुलक कार्यक्रम (घरदैलो कार्यक्रम, अन्तरक्रिया, र्याली, प्रतियोगितात्मक |

| | | |
|---|---|---|
| | बालश्रम | कार्यक्रमहरु आदि) |
| २ | | हाटेल,उद्योग, व्यापारी, अभिभावक आदि बीच अन्तरक्रिया, छलफल कार्यक्रम सञ्चालन र प्रतिबद्धता संकलन |
| ३ | | निकृष्ट श्रमिक बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न |
| ४ | | विद्यालय भर्ना हुन नसकेका १४ वर्षमाथिका र १८ वर्षभन्दा मुनिका बालबालिकालाइ रोजगारमुलक तालिम विशेष गरेर................ गाउँ वस्तीका र समग्र नगरमा रहेका अति पिछडिएका बालबालिकाका लागि कार्यकम |
| ५ | | निकृष्ट बालश्रम र यसको असर, कानूनी व्यवस्था बारे प्रचारप्रसार (पोस्टरिङ, माइकिङ, होडिङ्गबोर्ड, र्‍याली, सडक नाटक |
| ६ | | निकृष्ट बालश्रमिकका परिवारलाई आयमुलक तथा रोजगारमुलक तालिमको व्यवस्था मिलाउने |
| ७ | | निकृष्ट बालश्रम लगाउने व्यापारी, उद्योगधन्दा र अन्य सबैमा बालश्रमका असर, दण्ड सजाय बारेमा राम्ररी जानकारी गराउने । |
| ८ | | व्यापार व्यवसाय दर्ता तथा नविकरण गर्दा बालश्रममुक्त भएको सुनिश्चित गर्ने कार्यलाई निरन्तरता |

**३. मिति..................... गते घोषणा पश्चात दिगोपनाका लागि रणनीतिक योजना तयारी कार्यशालामा वडागत सरोकारवालाको समूह कार्य द्धारा तयार गरिएको रणनीतिहरु कार्यान्वयनमा ल्याउने ।**

➢ बालविवाह, बालश्रम, बाल दुर्व्यवहार सम्बन्धी समुदायमा जानकारी गराइ कानुनी कारवाहीको विषयमा जानकारी गराउने, नगर कार्यपालिकाको न्यायिक समितीलाई सिफारिस गर्ने, साथै समुदाय स्तरमा कानुनी प्रावधान अनुसारको जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

➢ किराना तथा मदिरा पसलमा १८ वर्ष मूनीका बालबालिकालाई धुम्रपान मध्यपान सुर्तिजन्य वस्तु विक्रि वितरण नगर्न वडा कार्यालय, बालअधिकार समिति, बालमैत्री स्थानीय शासन समिति मार्फत पटक पटक संयूक्त अनुगमन गर्ने साथै लागु पदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनामूलक कार्यक्रम गराउने ।

➢ घरेलु तथा समुदायबाट हुने बालहिंसा, बेचबिखन शोषण दुर्व्यवहार आदिलाई निरुत्साहीत गर्न विभिन्न समयन्त्रहरु परिचालन गर्ने ।

➢ बालबालिकालाई विद्यालय भर्ना गर्ने टिकाई राख्न अतिरिक्त क्रियाकलाप गर्न विशेष व्यवस्थापन गर्ने ।

➢ टोल विकास संस्था, यूवा क्लब, किशोरी समूह, महिला संजाल सरोकारवालाहरु सँग समन्वय र सहकार्य गरी बालसंरक्षणका सूचकको दिगोपना दिने ।

➢ निकृष्ट बालश्रम न्यूनीकरण गर्नेका लागि सम्बन्धित परिवारको पहिचान शिपमूलक एवम आमूलक कार्यक्रम तथा तालिम संचालन गर्ने । विद्यालयमा भर्ना गराई नियमित अनुगमन गरी अध्ययन अध्ययापन गर्ने वातावरण मिलाउने ।

➢ निकृष्ट बालश्रम हुने स्थानमा नियमित अनुगमन गर्ने ।